# मंगला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ६ बाबियाचौर, म्याग्दी, संख्या : ४ मिति : २०८० साल असोज १०


भाग-२

मंगला गाउँपालिका

## पशुपंक्षी पालन कार्यक्रम अनुदान सम्बन्धी कार्यबिधि, २०८०

**प्रस्तावनाः**

मंगला गाउँपालिका क्षेत्र भित्रमा आर्थिक स्थिती कमजोर भएका पशुपालन व्यवसायमा इच्छा भएका असंगठित कृषकहरुलाई तिनिहरुको आर्थिक स्थितिमा सुधार ल्याउन, स्वरोजगारमा वृद्धि गर्ने तथा पशु, पशुजन्य पदार्थमा आत्मनिर्भर बनाउन कृषकहरुलाई पशुपालन, माछापालन, कुखुरापालन, डेरी प्रर्बद्धन तथा घाँस खेती कार्यक्रम संचालन गर्नका लागि कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकोले विनियोजन ऐन २०८० को दफा (५) बमोजिमको अधिकार प्रयोग गरी मंगला गाउँपालिकाको कार्यपालिकाद्वारा यो कार्यबिधी स्वीकृत गरी लागु गरेको छ ।

१. **प्रारम्भिकः** संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यबिधिको नाम "पशुपंक्षी पालन कार्यक्रम अनुदान सम्बन्धी कार्यबिधि, २०८०" रहेको छ ।

ख) यो कार्यबिधि मंगला गाउँपालिका, गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

क) "कार्यालय" भन्नाले मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ख) "कार्यक्रम" भन्नाले कृषकलाई पशुपंक्षी पालन कार्यक्रममा अनुदान सम्बन्धि कार्यक्रम सम्झनु पर्दछ ।

ग) "शाखा" भन्नाले मंगला गाउँपालिका अन्तर्गत रहेको पशु सेवा शाखा सम्झनु पर्दछ ।

घ) "समिति" भन्नाले यस कार्यबिधि बमोजिम गठन हुने समिति सम्झनु पर्दछ ।

ङ) "कार्यबिधि" भन्नाले पशुपंक्षी पालन कार्यक्रममा अनुदान सम्बन्धी कार्यबिधि, २०८० सम्झनु पर्दछ ।

३. **कार्यक्रमको उद्देश्यः** कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछ

क) सिमान्तकृत तथा अन्य आयस्तर कमजोर भएका समुदाय लक्षित, पशुपंक्षी पालन, घाँसेवाली खेती, तथा मत्सयपालन कार्यक्रम संचालन गरी उनीहरुलाई कृषि तथा पशुपंक्षी पालनका क्षेत्रमाा सशक्तिकरण तथा मूलप्रबाहिकरण गर्ने ।

ख) लक्षित वर्गको खाध तथा पोषण सुरक्षामा टेवा पुर्‍याउने ।

ग) लक्षित वर्गलाई रोजगारीको अवसर सिर्जना गरी आयआर्जनका माध्यमद्वारा जीविकोपार्जनमा सुधार ल्याउने ।

घ) लक्षित कार्यक्रमहरुलाई मितव्ययी, प्रभावकारी सरल र पारदर्शी रुपमा संचालन गर्ने ।

४. **कार्यक्रमका क्षेत्र सम्बन्धि व्यवस्थाः**

क) कार्यक्रमको क्षेत्र मंगला गाउँपालिकाका सम्पूर्ण वडा तथा वडा भित्रको टोल रहने छ।

ख) पशुपंक्षी पालनका कार्यक्रमहरु यस आ.व. मा पकेटक्षेत्र निर्धारण नगरी संचालन गरिएता पनि आगामी आ.व. देखि पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम संचालन गरिने छ ।

ग) कार्यक्रमका बिषयगत क्षेत्रः  कार्यक्रमका बिषयगत क्षेत्र देहाय बमोजिम हुनेछ

क) गाई खरिदमा अनुदान कार्यक्रम

ख) बाख्रा/पाठापाठी/बोका खरिदमा अनुदान कार्यक्रम

ग) बंगुरको पाठापाठी खरिदमा अनुदान कार्यक्रम

घ) मासु उत्पादनको लागि पाडारराँगा खरिदमा अनुदान कार्यक्रम

ङ) कुखुरा/हाँस/बंगुरको खोर निर्माणमा अनुदान कार्यक्रम

च) बंगुरको कृत्रिम गर्भाधान तथा अन्य उपकरण खरिदमा अनुदान कार्यक्रम

छ) नमूना बाख्रा खोर निर्माणमा अनुदान कार्यक्रम

ज) भकारो सुधारमा अनुदान कार्यक्रम

झ) विभिन्न जातका माछाको भुरा अनुदानमा वितरण कार्यक्रम

ञ) च्यापकटरमा अनुदान कार्यक्रम

ट) कृषक समूह, पशु श्रोतकेन्द्र, निजि तथा सामुहिक पशुपालन फर्मको अभिलेखिकरण गर्ने

ठ) विभिन्न उन्नत जातको वर्षेरहिउँदेरबहुबर्षे घासको बीउ अनुदानमा वितरण कार्यक्रम

**५. कार्यक्रम संचालन प्रक्रियाः**

१. पशु सेवा शाखाले कार्यक्रमको प्रस्ताब सम्बन्धी सुचना कम्तीमा १५ दिनको म्याद राखी सूचना प्रवाह गर्नु पर्नेछ र सो सूचना गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयकको कार्यालयमा समेत टाँस गर्नुपर्नेछ ।

२. गाउँपालिकाबाट अनुदानको लागि कृषकले अनुसुचि १ बमोजिमको ढाँचामा निवेदन वडा कार्यालय मार्फत वा सोझै पशु सेवा शाखामा दिन सक्नेछन् ।

३. प्राप्त निवेदनहरुको शाखाले स्थलगत अनुगमन गरी सो को प्रतिवेदन समितिमा पेश गर्नेछ ।

४. निर्धारण भएका वडाहरुमा कम्तीमा ५ जनाको कृषकको समूह वा गाउँपालिका भरीको एउटा कार्यक्रमको एउटै समूह गठन गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।

५. कार्यक्रम संचालन गर्दा समितिले निश्चित मापदण्ड स्वीकृत गरी त्यस्तो मापदण्ड बमोजिम कृषक छनौट गरिनेछ ।

६. मापदण्ड बमोजिम पशु सेवा शाखाले वडाको सिफारिस सहित कृषकको छनौटको लागि समिति समक्ष पेश गर्नुपर्नेछ ।

७. उपदफा ६ बमोजिमको प्रस्तावलाई समितिले स्वीकृत गरेपछि छनौट भएका कृषक र कार्यालय बिच कार्यक्रम कार्यान्वयन सम्झौता हुनेछ ।

८. सम्झौता पश्चात कृषकले पशु आफैले खरिद गरि सो को नियमानुसार बिमा गराउनुपर्ने छ ।

९. बिमा पश्चात पशु खरिद गरेको बिल भरपाई, पशुको तस्वीर तथा बिमाको कागजात संलग्न राखी नियमानुसार कार्यालयमा अनुदान रकमको लागि भुक्तानि माग गर्नुपर्नेछ ।

१०. कार्यसम्पादनको आधारमा गाउँपालिकाले शाखाको सिफारिसमा समुहको खातामा रकम उपलब्ध गराउनेछ ।

११. कुखुरा/हाँस/बंगुर/बाख्राको खोर निर्माण वापतको अनुदान सम्बन्धमा खोर निर्माण कार्य सम्पन्न पश्चात् पचास प्रतिशत अनुदान रकम उपलब्ध गराइनेछ र बिस प्रतिशत सम्बन्धित कृषकले श्रमदान गर्नुपर्नेछ ।

१२. बंगुरका कृत्रिम गर्भाधान उपकरण तथा अन्य उपकरणको खरिदमा अनुदान रकमको सम्बन्धमा छनौट भएका कृषकले सामाग्री खरिद गरिसकेपछि सो बिल भरपाई तथा उपकरण शाखाले जाँच गरे पश्चात् अनुदान रकम सम्बन्धित कृषकको खातामा जम्मा गरिदिनेछ ।

**६. अनुदानमा खरिद गरिने पशु तथा उपकरणको मापदण्ड सम्बन्धि व्यवस्थाः**

क) गाईको हकमा प्रति कृषक कम्तीमा १ (एक) वटा उन्नत जातको कोरेली बाच्छी प्रजनन् योग्य उमेरको वा ब्याएको माउ गाई खरिद गर्नु पर्नेछ ।

ख) बाख्राको हकमा एक सदस्यको लागि बढीमा दुई वटा बाख्राको पाठीको अनुदान रकम उपलब्ध गर्राईनेछ र उक्त बाख्राको जिवित तौल कम्तीमा १५ के.जि. र प्रजनन् को लागि उमेर पुगेको हुनुपर्नेछ।

ग) वंगुरको पाठापाठीको हकमा एक सदस्यलाई बढीमा दुई वटा सम्म पाठापाठी उपलब्ध गराइनेछ र त्यस्तो पाठापाठी कम्तीमा ४५ दिनको हुनुपर्ने र उमेर र जात अनुसारको शारिरिक वृद्धि एको हुनुपर्नेछ ।

घ) (१) मासुको लागि पालिने पाडाको खरिदको हकमा जिवित शारिरिक तौल कम्तीमा पचहत्तर के.जि. भन्दा माथीको स्वस्थ्य पाडा खरिद गर्नुपर्नेछ ।

(२) प्रजनन् योग्य राँगो खरिदको हकमा कम्तिमा ३ वर्ष पुगेको स्वस्थ्य प्रजनन् योग्य राँगो खरिद गर्नुपर्नेछ।

ङ) कुखुरा तथा हाँसको खोर निर्माणको अनुदानको हकमा कम्तीमा सय वटा पन्छी अटने खोर निर्माण गर्नुपर्नेछ ।

च) बंगुरको कृत्रिम गर्भाधान उपकरण तथा अन्य उपकरण आफ्नो आवश्यकता अनुसार सूचिकृत पसलबाट खरिद गर्नुपर्नेछ ।

छ) नमूना बाख्रा खोर निर्माणको अनुदानको हकमा कृषकले २५ वटा स्थानीय वा उन्नत जातको बाख्रा पालेको हुनुपर्छ ।

ज) भकारो सुधार कार्यक्रम अनुदानको हकमा कृषकले २ वटा स्थानीय वा उन्नत जातको गाईगोरु/भैंसी/राँगो पालेको हुनुपर्छ ।

झ) माछाको भुरा वितरण अनुदान कार्यक्रमको हकमा कृषकले कम्तिमा ५०० भुरा अटाउने व्यवसायिक पोखरी भएको हुनुपर्छ ।

ञ) च्यापकटर अनुदानमा वितरण कार्यक्रमको हकमा कृषकले २ वटा स्थानीय वा उन्नत जातको गाईगोरु/भैंसी/राँगो र ५ वटा बाख्रा पालेको हुनुपर्छ ।

ट) कृषक समुह, पशु श्रोतकेन्द्र, निजि तथा सामुहिक पशुपालन फर्मको अभिलेखिकरण गर्ने र तथ्याङ्क संकलन गर्ने ।

ठ) घाँसको बीउ अनुदानमा वितरण कार्यक्रमको हकमा कृषकले २ वटा स्थानीय वा उन्नत जातको गाईगोरु/भैंसी/राँगो र ५ वटा बाख्रा पालेको हुनुपर्छ ।

७. **अनुदान रकमको सिमा तथा संख्या सम्बन्धि व्यवस्थाः** अनुदान रकमको सिमा तथा संख्या सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) अनुदान रकमको हकमा सम्बन्धित कार्यक्रमको शिर्षमा विनियोजित रकम मात्र उपलबध गराइनेछ, सो भन्दा बढी रकम कृषकले स्वयं व्यहार्नुपर्नेछ ।

ख) कार्यक्रम संख्याको हकमा वडाहरुबाट प्राप्त कृषकहरुका मागको आधारमा स्वीकृत कार्यक्रमलाई वडाहरुमा समानुपातिक हिसाबले बाँडफाँट गरी कार्यक्रम संचालन गरिनेछ तथा माँग नभएको वडाहरुको कार्यक्रम अन्य वडाहरुमा समितिले निर्णय गरी संचालन गर्न सक्नेछन् ।

ग) बंगुरको कृत्रिम गर्भाधान उपकरणको हकमा कृत्रिम गर्भाधान कार्यक्रम संचालन गरिने फर्मलाई बिशेष ग्राहयता दिई कार्यक्रम संचालन गरिनेछ ।

८. **कृषक छनौटका आधारः** कृषक छनौटका आधार देहाय बमोजिम हुनेछ ।

क) आयश्रोत न्यून भएका कृषक परिवार ।

ख) दलित, जनजाति, मधेशी, एकल महिला ,अपाङ्ग महिला तथा पुरुष ।

ग) कृत्रिम गर्भाधान उपकरणको हकमा व्यवसायिक फार्म दर्ता तथा व्यवसायमा निरन्तर लागेको कृषक परिवार ।

घ) पशुपालन व्यवसायलाई अंगाल्न सक्ने अभिरुचि भएको ।

ङ) बिदेशबाट फर्कि नेपालमै पशुपालन व्यवसाय गर्ने इच्छाशक्ति भएको युवा ।

च) गाई, बाख्रा, पाडा तथा बंगुरपालनमा आफ्नो गोठ तथा खोरको व्यवस्था भएको ।

छ) चरन तथा पशु आहारको व्यवस्था गर्न सक्ने ।

ज) कुखुराको खोर निर्माण अनुदानको हकमा कम्तीमा पचास वटा स्थानिय वा उन्नत जातको कुखुरा पालन गरिएको हुनुपर्छ ।

झ) नमुना बाख्रा खोर निर्माणको हकमा कृषकले २५ वटा स्थानीय वा उन्नत जातको बाख्रा पालेको हुनुपर्छ।

ञ) कार्यक्रम संचालन र कार्यान्वयन संयोजक कार्यपालिकाको पशुपन्छी सेवा शाखाका प्रमुख/पशु विकास अधिकृत/पशु चिकित्सक हुनेछ ।

ट) अघिल्लो आर्थिक वर्षमा कुनै किसिमको अनुदान नलिएको ।

९. **छनौट तथा कार्यान्वयन समितिः** यस कार्यबिधिको कार्यान्वयन गर्न तथा कृषक छनौट गर्न देहाय बमोजिमको एक समिति रहनेछ।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) गाउँपालिका उपाअध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृत | सदस्य |

घ) प्रमुखले तोकेको एक महिला सहित ३ (तिन) जना कार्यपालिका सदस्य - सदस्य

ङ) पशुपंछी सेवा शाखाका प्रमुख/पशु विकास अधिकृत/पशु चिकित्सक मध्ये एक जना - सदस्य सचिव

१०. **अनुगमन सम्बन्धि व्यवस्थाः** यस कार्यक्रमको अनुगमन गाउँपालिकाको अनुगमन समिति, वडा समिति र सम्बन्धित विषयगत शाखाहरुले गर्ने छन र सोको प्रतिवेदन समिति समक्ष पेश गरिनेछ ।

११. **थपघट वा हेरफेर गर्न सक्नेः** यो कार्यबिधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यबिधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछन ।

१२. **बाधा अडकाउ फुकाउः** यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अडचन परेमा समितिले निर्णय गरी त्यस्तो बाधा अडचन फुकाउन सक्नेछ तर त्यस्तो निर्णय कार्यपालिकाबाट अनुमोदन हुनु पर्नेछ ।

दफा (५) को उपदफा २ सँग सम्बन्धित

अनुसूची-१

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मंगला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी।

विषयः.................................................कार्यक्रम माग सम्बन्धमा ।

महोदय,

उपरोक्त विषयका सम्बन्धमा यस मंगला गाउँपालिका वडा नं ........ साविक गा.वि.स. वडा नं. .......... टोल .................................................. निवासी म ........................................................ को नाममा दर्ता रहेको ................................................ फर्म सञ्चालन गरि ...................................... पालन गर्दै आएकोमा अहिले तहाँको कार्यक्रम अनुसार ............................................... आवश्यक परेको हुँदा उपलब्ध गराई दिनुहुन विनम्र अनुरोध गर्दछु ।

निवेदकको नामः
दस्तखतः
संस्था/व्यक्तिः
ठेगानाः
सम्पर्क नं.

**आज्ञाले,**
**शिवकुमार पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**